आज मिति २०८१।०१।१४ गते शुकबारका दिन यस चौदण्डीगढी नगरपालिकाका नगर प्रमुख श्री कालुमान लामाज्यूको अध्यक्षतामा यस नरपालिकाको नगर कार्यपालिकाको आ.ब. २०८०/०८१ को १२ औं बैठक तपसिलका पदाधिकारीहरुज्यूहरुको उपस्थितिमा बसियो ।

तपसिल :-

| क्र.स. | नाम थर | पद | सम्पर्क मो. नं. | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री कालुमान लामा | नगर प्रमुख | ९८५२८३५१६६ | |
| २ | श्री मणिका देवि दुलाल | नगर उपप्रमुख | ९८५२८३५५२८ | |
| ३ | श्री जित बहादुर श्रेष्ठ | प्रमुख प्रशासकीय अधिकृत | ९८५२८४४०४७ | |
| ४ | श्री सिताराम राई | अध्यक्ष वडा नं. १ | ९८५१२०८३१३ | |
| ५ | श्री हरि बहादुर खड्का | अध्यक्ष वडा नं. २ | ९८४२९२७५४७ | |
| ६ | श्री पर्शुराम राई | अध्यक्ष वडा नं. ३ | ९८१४७३४८५५ | |
| ७ | श्री लुङ्गाराज राई | अध्यक्ष वडा नं. ४ | ९८१०५७९२२९ | |
| ८ | श्री तुलसिराम ढकाल | अध्यक्ष वडा नं. ५ | ९८४१५१८५८०<br>९८५२८४४००८ | |
| ९ | श्री अम्बर बहादुर खड्का | अध्यक्ष वडा नं. ६ | ९८०६१५५८७७९ | |
| १० | श्री केशव अधिकारी | अध्यक्ष वडा नं. ७ | ९८६२८४४६६६ | |
| ११ | श्री भगनाथ कुमार मगर | अध्यक्ष वडा नं. ८ | ९८४०९२८६०७ | |
| १२ | श्री प्रकाश राउत | अध्यक्ष वडा नं. ९ | ९८५२८३५२०८ | |
| १३ | श्री धर्मेन्द्र कुमार खडका | अध्यक्ष वडा नं. १० | ९८१६७०७०५१<br>९८६३८२८०४९ | |
| १४ | श्री उदयराज भुजेल | नगर कार्यपालिका सदस्य | ९८४२८३१८९२ | |
| १५ | श्री जय कुमार राई | नगर कार्यपालिका सदस्य | ९८१५७१४७१५ | |
| १६ | श्री माधव सार्की | नगर कार्यपालिका सदस्य | ९८२६७००३२८ | |
| १७ | श्री तिलावती राई | नगर कार्यपालिका सदस्य | ९८४३४६६२७५ | |
| १८ | श्री सुस्मा राई | नगर कार्यपालिका सदस्य | ९८६२९१८६९९ | |
| १९ | श्री स्मृति तोलाङ्गी सुयल | नगर कार्यपालिका सदस्य | ९८०५९९७७३३ | |
| २० | श्री जानकी देवी चौधरी | नगर कार्यपालिका सदस्य | ९८१५७००९०३ | |
| २१ | श्री शान्ति देवी चौधरी | नगर कार्यपालिका सदस्य | ९८१९९१००३८ | |

आमन्त्रीत उपस्थिति :-

१. श्री सत्यनारायण हुजदार - सूचना अधिकारी - ९८५२८४४०७३

प्रस्तावहरू :

१) रेविज क्लिनिक संचालनको लागि माग गर्ने सम्बन्धमा ।

२) संयुक्त राष्ट्रिय संघ कार्ययोजना कार्यान्वयन स्थानीय समिति गठन सम्बन्धमा ।

३) चौ. न. पा पशु शाखा प्रमुख तोक्ने सम्वन्धमा ।

४) शुद्द खानेपानीको लागि बायोस्याण्ड फिल्टर सम्बन्धमा ।

५) स्यालो ट्युवेल जडानका लागि किसान छनौट सम्बन्धमा ।

६) धानबाली पकेट विकासको कार्यक्रमको निरन्तरता सम्बन्धमा ।

७) विविध

क) आगलागी पीडित परिवारलाई आर्थिक सहयोग सम्वन्धमा ।

ख) भजनकिर्तन समूहलाई आर्थिक सहयोग सम्बन्धमा ।

ग) विपन्न नागरिक तथा अन्य आर्थिक सहायता सम्वन्धमा ।

घ) हडिया बजार फोहोर मैला सरसफाई व्यबस्थापन सम्बन्धमा ।

ङ) कार्यालयमा ढोका तथा झ्यालमा ग्रिल जडान, विभिन्न वडामा खानेपानी व्यबस्थापन र सोलारको भुक्तानी सम्बन्धमा ।

च) डम्पिङ साईट निर्माणको लागि जग्गा भाडामा लिई सम्झौता गर्ने सम्बन्धमा ।

छ) एकल महिला उद्यमशिलता विकास कार्यक्रम सम्बन्धमा ।

ज) देविथान डाँडा खोलामा बाँध बाध्ने सम्बन्धमा ।

झ) बजार अनुगमन सम्बन्धमा ।

ञ) न्यानो कपडा वितरण कार्यक्रमको भुक्तानी सम्बन्धमा ।

ट) रसुवा-एस.एन.एस-पप्पु जे.भि.को माग पत्र सम्बन्धमा ।

ठ) सिवाईखोलाको वालुवाको थप-परिमाणको (IEE) स्वीकृत गर्ने सम्वन्धमा ।

ड) हल्का सवारी चालकको अतिरिक्त सुविधा सम्बन्धमा ।

ढ) भौतिक पुर्वाधार तथा सामाजिक क्षेत्रमा भएको लागानी र बर्तमान अवस्थाको अध्ययन तथा प्रचार प्रसार सम्बन्धमा ।

ण) सडक बत्ती र नगरपालिकाको बिद्युत महशुल भुक्तानी सम्बन्धमा ।

त) वडा नं. ८ को महिला भवन घेराबेरा सम्बन्धमा ।

थ) पार्किङ गेट मर्मत सम्बन्धमा ।

द) ठुला सवारी साधान मर्मत भुक्तानी सम्बन्धमा ।

ध) विपद सम्बन्धी कार्य सम्बन्धमा ।

न) यलम्बर टोल विकास संस्थाको भवन निर्माण सम्बन्धमा ।

CamScanner

निर्णयहरू

१) यस नगरपालिका अन्तर्गत प्राथमिक स्वास्थ्य केन्द्र (आधारभुत नगर अस्पताल) मा रेविज शंकास्पद जनावरहरुले टोकेका विरामीहरुको संख्या बढ्दै गएको र मासिक १०- १५ जना त्यस्ता विरामी आउने गरेको हुँदा र रेविज विरुद्दको खोप सेवा नभएकोले अन्यत्र अस्पतालमा जानुपर्ने र विपन्न नागरिकहरु आर्थिक अभावका कारण उपचार गर्न नै नजाने, जोखिमपूर्ण अवस्थामा बसेको हुँदा रेविज क्लिनिक संचालन गर्न माग भई आएकोले प्राथमिक स्वास्थ्य केन्द्र (आधारभुत नगर अस्पताल) बेल्टारमा रेविज क्लिनिक संचालन गर्न आवश्यक रहेको र उक्त अस्पतालमा तालिम प्राप्त चिकित्सक, स्वास्थ्यकर्मी रहनु भएको र भण्डारका लागि कोल्डचेन सामाग्री समेत रहेकोले प्राथमिक स्वास्थ्य केन्द्र (आधारभुत नगर अस्पताल) बेल्टार रेविज क्लिनिक संचालन तथा कोटा निर्धारणका लागि स्वास्थ्य सेवा विभाग इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखामा माग गर्ने सर्वसम्मत निर्णय गरियो।

२) जिल्ला समन्वय समितिको कार्यालय उदयपुरको मिति २०८१।०१।०९ गतेको पत्रबाट महिला, शान्ती तथा सुरक्षा सम्वन्धी प्रशताव नं. १३२५ र १८२० को कार्यान्वयन सम्बन्धी दोस्रो राष्ट्रिय कार्य योजना (आ. व. २०७९/०८० र २०८१/०८२) कार्यान्वयनको लागि स्थानीय तहमा नगर प्रमुख ज्यूको संयोजकत्वमा संयुक्त राष्ट्र संघ कार्ययोजना कार्यान्वियन स्थानीय समिति गठन सम्बन्धमा लेखी आएकोले तपशिल बमोजिम कार्ययोजना कार्यान्वयन स्थानीय समिति गठन गर्ने र सोही कार्ययोजनाको बुदा नं. ११.५ मा उल्लेख भए अनुसार उपसमिति समेत गठन गरी कार्य योजना कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो।

तपशिलः

कार्ययोजना कार्यान्वयन स्थानीय समितिः

१) नगर प्रमुख श्री कालुमान लामा – संयोजक
२) उप प्रमुख श्री मनिका देवी दुलाल -सदस्य
३) प्रमुख प्रशासकीय अधिकृत श्री जित बहादुर श्रेष्ठ -सदस्य
४) नेकपा एमाले चौदण्डीगढी नगर का. वा. अध्यक्ष श्री कृष्ण खत्री- सदस्य
५) राष्ट्रिय स्वतन्त्र पाटी चौदण्डीगढी नगर सभापती श्री रमेश विष्ट - सदस्य
६) सामाजिक शाखा प्रमुख श्री सत्य नारायण हुजदार- सदस्य सचिव

कार्ययोजना कार्यान्वयन पिडित तथा प्रभावित महिला तथा बालिकाको समष्टिगत आवश्यकता पहिचान उप समितिः

| | | |
|---|---|---|
| १) | उप प्रमुख श्री मनिका देवी दुलाल | – संयोजक |
| २) | राज्यपक्षबाट पिडित चौ. न.पा ९ निवासी श्री भिम बहादुर खड्का | -सदस्य |
| ३) | बिद्रोही पक्षबाट पिडित चौ. न. पा. ७ निवासी श्री थुसुङ घिसिङ | -सदस्य |
| ४) | मनोसामाजिक परामर्शदाता श्री आशमा कार्की | -सदस्य |
| ५) | महिला विकाश शाखा प्रमुख श्री एन्जेला ढकाल | -सदस्य |

CS CamScanner

३) यस नगरपालिका अन्तर्गत पशु शाखामा कार्यरत शाखा प्रमुख दशरथ दाश लामो समय देखि विरामी परेकोले अस्पतालमा उपचाररत रहनु भएको र शाखा प्रमुखको अभावमा काममा समस्या भएको हुँदा उक्त शाखामा प. से. प्रा. पदमा कार्यरत कर्मचारी श्री भेषराज कटवाललाई पशु शाखा प्रमुखको जिम्मेवारी तोक्ने सर्वसम्मत निर्णय गरियो।

४) यस नगरपालिकामा चालु आ. व. मा लक्षित समूह कार्यक्रममा रु. ११,००,०००।– विनियोजन भएको र यस नगरपालिकामा विभिन्न वडामा ट्यूवेल तथा इनारको पानी प्रयोग गरिने साथै कतिपय वडामा उक्त पानी सोझै पिउन अनुपयुक्त रहेको कारण शुद्द खानेपानीको व्यबस्थापन गर्न नसक्ने गरिव तथा विपन्न दलित परिवारमा शुद्द खानेपानीको व्यबस्थापन गर्न अति आवश्यंक रहेकोले बायोस्याण्ड फिल्टर विपन्न दलित परिवारमा वितरण गरी शुद्द खानेपानीको व्यबस्थापन गर्न साथै चौ. न. पा. १ नं. वडामा बेसार उत्पादन हुने र उक्त उत्पादित बेसार प्रशोधन गरी विक्री वितरण गर्न सुर्यज्योती महिला बहुउद्देश्शीय सहकारी संस्था लि. चौ. न.पा. १ मार्फत कार्यक्रम गर्न तपशिल बमोजिम लक्षित कार्यक्रममा विनियोजित बजेटबाट गर्ने सर्वसम्वत निर्णय गरियो।

तपशिलः

| क्र. सं. | कार्यक्रमको नाम | बंजेट रु. | कैफियत |
|---|---|---|---|
| १ | चौ. न. पा का गरिव तथा विपन्न, निम्न आय भएका दलित परिवारमा बायोस्याण्ड फिल्टर वितरण | ४,७३,०००।- | विनियोजित लक्षित कार्यक्रमबाट |
| २ | बेसार प्रबर्दन कार्यक्रम चौ. न. पा. १ | २,५०,०००।- | |

५) यस नगरपालिका अन्तर्गत कृषी शाखाबाट स्यालो ट्यूववेल जडानको लागि (नगरपालिका कृषी शाखा ७५ प्रतिशत र किसानको २५ प्रतिशत संयुक्त साझेदारीमा) स्यालो ट्यूबेल जडान गरीने कार्यक्रम अनुसार नगरपालिकाका ईच्छुक किसानहरुलाई सूचना गरी प्राप्त निबेदन अनुसार तपशिलका किसानहरुलाई छनौट गर्ने सर्वसम्मत निर्णय गरियो।

तपशिलः

| क्र.स. | कृषक/समुह/फर्मको नाम | ठेगाना | टोल | सम्पर्क नं. |
|---|---|---|---|---|
| १. | खडानन्द वास्तोला | चौ.न.पा-२ | चारघरे | ९८१५७६७७६६ |
| २. | ध्यान कुमार कटुवाल | चौ.न.पा-२ | झोरापाटा | ९८४३३३२८३१ |
| ३. | धनपति घिमिरे | चौ.न.पा-२ | चारघरे | ९८०४७२५४६० |

CamScanner

| | | | | |
|---|---|---|---|---|
| ४. | श्री कौवैदेवी कृषि तथा पशुपालन कृ.स. | चौ.न.पा-२ | झोडापाटा | ९८४१९९१७७९ |
| ५. | खम्व वहादुर खड्का | चौ.न.पा-२ | माडीवास | |
| ६. | गणेश प्रसाद श्रेष्ठ | चौ.न.पा-२ | सुघारे | ९८०५९७००९७ |
| ७. | धन कुमार राई | चौ.न.पा-३ | भान्जी डाँडा | ९८०४७६४२९४ |
| ८. | चौदण्डीगढी-कृषि फर्म (धर्म खत्री) | चौ.न.पा.३ | | ९८२४७२१७८५ |
| ९. | हात्तीसार वहुउदेश्य कृषक समूह | चौ.न.पा-३ | हात्तिसार | ९८०५९७९६९३ |
| १०. | समीचोक वहुउद्धेश्यीय कृषि तथा पशुपक्षी कृ.स. (सेर वहादुर मगर) | चौ.न.पा.४ | वर्खे डाडा | ९८०८३०९५०० |
| ११. | खम्वराज श्रेष्ठ | चौ.न.पा.४ | मेजर चौतारा | ९८१९७५२६१८ |
| १२. | विन्द्र कु. मगर | चौ.न.पा.४ | | ९८४४३८१४९० |
| १३ | सुब्बा राई | चौ.न.पा.४ | मेजर चौतारा | ९८१४७१९०७३ |
| १४ | लामाखोला कृषक समूह (लाल बहादुर श्रेष्ठ) | चौ .न.प. ४ | औतारी थान | ९८२१७९१३८६ |
| १५ | मंगल दोर्जे तामाङ्ग | चौ.न.पा.४ | श्रीलंका | ९८२३५०१०३६ |
| १६ | चक्र वहादुर राई | चौ.न.पा.४ | वसाहा थान | |
| १७ | मोहन बहादुर निरौला | चौ.न.पा. ४ | औतारी थान | ९८६२६१३६७९ |
| १८ | लिला कान्त चौलागाई | चौ.न.पा-४ | औतारी थान | ९८६२९१८६७४ |
| १९ | पुष्प विष्ट | चौ.न.पा.४ | चौधरी टोल | ९८०४७९६४५३ |
| २० | राज कुमार चौधरी | चौ. न.पा. ४ | वसाहा | ९८६७५५६९५१ |
| २१ | मेघनाथ चौधरी | चौ न.पा.५ | ढेलाचौरी | ९८२९७३०१३६ |
| २२ | हर्क बहादुर राई /खड्ग बहादुर राई | चौ. न.पा. ५ | ढेलाचौरी | |
| २३ | रत्न बहादुर कोइराला | चौ.न.पा.६ | ज्यामिरे | ९८६२९८१०१९ |

CamScanner

| | | | | |
|---|---|---|---|---|
| २४ | उद्धव भुजेल | चौ.न.पा.६ | | |
| २५ | कालिका टोल विकास संस्था/हरिशरण कुमार राई | चौ.न.पा.६ | कालिका | ९८१९९०७६३५ |
| २६ | सिंह बहादुर कार्की | चौ.न.पा.६ | | ९८४४३८११३६ |
| २७ | राज कुमार खड्का | चौ.न.पा.९ | | ९८१४ ७११२८५ |
| २८ | कृष्ण वहादुर कार्की | चौ.न.पा.९ | | ९८२८९७१७१९ |
| २९ | बम वहादुर थापा | चौ.न.पा.९ | | ९८६२०१८८४० |
| ३० | खडग प्रसाद निरौला | चौ.न.पा.९ | मुसहर्निया | ९८०७७०७६८० |
| ३१ | दुर्गा वहादुर राउत | चौ.न.पा.१० | हडिया | ९८१९७७६६४१ |
| ३२ | मान बहादुर विस्ट | चौ.न.पा.१० | खैराहा झोडा | ९८१४८९१७०८ |
| ३३ | दिल वहादुर थापा | चौ.न.पा.१० | मुसहर्निया | ९८१३०५८३०० |

६) गत आर्थिक वर्षदेखि सञ्चालनमा रहेको धान पकेट क्षेत्रको कार्यक्रम गत वर्ष सञ्चालन गरिएको क्षेत्रमा निरन्तरता दिने र चौ. न. पा. ९ र १० नं को हडिया क्षेत्रमा समेत उक्त कार्यक्रम धान वाली लगाउन स्वीकृत बजेटभित्र रही सञ्चालन गर्ने सर्वसम्मत निर्णय गरियो।

७) विविध

क) आगलागी पीडित परिवारलाई आर्थिक सहयोग सम्वन्धमा।

विभिन्न मितिमा यस नगरपालिका विभिन्न वडाहरुमा भएका विपद्‌जन्य घटनाहरुबाट पीडित व्यक्तिहरुलाई राहत उपलब्ध गराउने व्यवस्थाको लागि सम्बन्धित वडा कार्यालहरुबाट सिफारिस भई आएको हुँदा वडाको सिफारिस तथा प्रहरी सर्जमिन मुचुल्का लगायतका आधारमा पीडितको आर्थिक अवस्था समेतलाई मध्यनजर गरी राहतस्वरुप नगरपालिकाबाट विनियोजित बजेट शिर्षक **विपद व्यवस्थापन भैपरी तथा तारजालीबाट** तपसिल वमोजिमको आर्थिक सहायता उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो।

तपसिलः-

| क्र. सं. | माग गर्ने व्यक्ति /समुह | क्षतिको प्रकार | निर्णय रकम | कैफियत |
|---|---|---|---|---|
| १ | कोमल बहादुर बस्नेत चौ. न. पा.९ | गाई गोठमा आगलागी | २५,०००। | |
| २ | हरि थापा चौ. न. पा. -२ | चट्याङले विद्युत मिटर र तार पुर्ण क्षती | ५,०००। | |

CamScanner

घ) हडिया बजार फोहोर मैला सरसफाई व्यबस्थापन सम्बन्धमा ।

हडिया बजार फोहोर मैला सरसफाई व्यबस्थापन कार्यक्रम नियमिति रुपमा साप्ताहिक रुपमा हुँदै आएको र यस नगरपालिकाबाट उक्त कार्य गरे बापत बार्षिक रुपमा रु. १०००००।– कार्यक्रम खर्चबाट दिने भनी मिति २०८०।०७।१७ मा निर्णय भएकोमा कार्यक्रम खर्चमा विनियोजित रकम सकिएकोले २०८० साल माघ देखि २०८१ सालको असार मसान्त सम्मको हडिया बजार फोहोर मैला सरसफाई व्यबस्थापन कार्यक्रम गरे बापतको रकम नगरपालिकामा रहेको कन्टिजेन्सी बाट रु. ५०,०००।– उपलब्ध गराउने सर्वसम्वत निर्णय गरियो ।

ङ) कार्यालयमा ढोका तथा झ्यालमा ग्रिल जडान, फुटबल पोल निर्माण, खानेपानी तथा सिंचाई व्यबस्थापन र सोलार जडान, सडक ट्राफिक व्यबस्थापनको भुक्तानी सम्बन्धमा ।

चौदण्डीगढी नगरपालिकाले चालु आ. व. २०८०-०८१ मा कार्यालयको सुरक्षा अनुसार झ्याल ढोकामा ग्रिल लगाउनु पर्ने, . विभिन्न ब्यक्ती तथा संस्थाले खानेपानी , सिंचाईको, सोलार बत्ती र फुटबल खेलाउनको लागि पोलको माग गरेको, सवारी दुर्घटना न्युनीकरणको लागि सडक ट्राफिक व्यबस्थापनको आवश्यकतालाई मध्येनजर गर्दै उक्त कामहरु तत्काल गर्नु पर्ने आवश्यकता रहेको र कतिपय साना कामहरु भैसकेको हुँदा चालु आ. व. मा बजेट शिर्षक विनियोजन नभएकोले उक्त कार्यको भुक्तानी नगरपालिकामा जम्मा भएको **कन्टिजेन्सी** बाट तपशिल बमोजिम प्राविधिकबाट लागत अनुमान तथा कार्य सम्पन्न लागत प्रतिबेदन अनुसार भुक्तानी गर्ने निर्णय गरियो ।

तपशिलः

| क्र सं | कामको विबरण | रकम रु. | कैफियत |
|---|---|---|---|
| १. | चौदण्डीगढी नगरपालिका भवनमा ढोका तथा झ्यालमा चेनगेट, ग्रिल जडान, नगरका विभिन्न स्थानमा झण्डा व्यबस्थापन | | कार्य सम्पन्न प्राविधिक मुल्याङ्कन अनुसार |
| २. | चौ. न. पा. ७को लामेचौरी र चौ. न. पा. ३ को बंदेलपानी फुटबल फिल्डमा पोल निर्माण | | कार्य सम्पन्न प्राविधिक मुल्याङ्कन अनुसार |
| ३. | खानेपानी,सिंचाई तथा पशुपालन व्यबस्थापनको लागि मोटर उपलब्धता चौ. न. पा. विभिन्न वडा | ११९२९८।- | |
| ४. | चौ. न. पा. १ नं. वडाको ढाडे टोलमा सोलार जडान | ४०५०७।- | |
| ५ | विभिन्न वडाका बिपन्न परिवारमा बत्ती जडान तथा सडक बत्ती व्यबस्थापन, | | कार्य सम्पन्न प्राविधिक मुल्याङ्कन अनुसार |
| ६ | ट्राफिक व्यब्स्थापनको लागि ड्रम, पेन्टिङ, स्टिकर र लेखाई | ७५०००।- | |

CamScanner

च) डम्पिङ साईट निर्माणको लागि जग्गा भाडामा लिई सम्झौता गर्ने सम्बन्धमा।

चौदण्डीगढी नगरपालिकाले प्रयोग गर्दै ल्याएको फोहोर फाल्ने डम्पिङ साईट मानव बस्ति नजिक रहेको र टोल बासी तथा सरोकारवाला ब्यक्तीहरुले उक्त स्थानमा फोहोर फाल्न विभिन्न अवरोध गरेपछी विगत ४ महिना देखि फोहोर उठ्न नसकेको कारण बजार एरियामा फोहोर मैला थुप्रिदै गएकोले वैकल्पिक डम्पिङ साइट खोज अति आवश्यक रहेकोले नगर प्रमुख ज्यूको अध्यक्षतामा मिति २०८१।०१।०४ गते बसेको सर्वदलिय सर्वपक्षीय बैठक तथा सोही मितिमा श्री ज्योती माध्यामिक विद्यालय बेल्टार विद्यालय व्यबस्थापन समितिको बैठकले श्री ज्योती माध्यामिक विद्यालय बेल्टारको नाममा रहेको साविक सुन्दरपुर वडा नं. ५ हाल चौदण्डीगढी नगरपालिका अन्तर्गत वडा नं. ५ मा अवस्थित सुन्दरपुर ५ ख कि. न. ३२३ र ३२४ को १२ विघा १४ कठ्ठा ९ धुर जग्गा मध्ये दक्षिण पूर्वको त्रियुगा नदीको उत्तर पट्टीको किनारमा रहेको करिव ४ बिघा जग्गामा डम्पिङ साईट निर्माण गर्ने निर्णय भएकोले उक्त स्थानमा चौदण्डीगढी नगरपालिकाले जग्गा भाडामा लिई डम्पिङ साइट निर्माण गर्ने र जग्गाको भाडा, भुक्तानी समय लगायतका अन्य कुराहरु सम्झौता बमोजिम हुने गरी सर्वसम्त निर्णय गरीयो।

छ) एकल महिला उद्यमशिलता विकास कार्यक्रम सम्बन्धमा।

यस नगरपालिका अन्तर्गत उद्यम व्यबसाय गर्न चाहाने एकल महिलालाई सीप क्षमता र योग्यताको आधारमा उनीहरुको आवस्यकता र चाहाना बमोजिमको सीप प्रदान गरी उद्यमीव्यबसायी बनाउन कोशी प्रदेश सामाजिक मन्त्रालयबाट यस नगरपालिकालाई रु ५ लाख रकम प्राप्त हुने र नगरपालिकाले सो रकमको ५०% रकम साझेदारी गर्नुपर्ने भएकोले चालु आ. ब.मा नगरपालिकामा विनियोजित बजेट शिर्षक लक्षित समूहमा कार्यक्रमबाट सो कार्यको लागि रु २,५०,०००।– उपलब्ध गराउने र उक्त कार्यक्रम चालु आ. व. मा चौदण्डीगढी नगरपालिकाको ६ नं. वडामा लागू गर्न छनौट गर्ने सर्वसम्त निर्णय गरीयो।

ज) देविथान डाँडा खोलामा बाँध बाध्ने सम्बन्धमा।

चौदण्डीगढी नगरपालिका ७ नं. वडा अन्तर्गत देविस्थान डाँडा लाटी खोलामा ट्रस पुल बनेको र उक्त पुलको छेउ छेउमा बाँध नभएको कारण बर्षा समयमा आउने बाढीमा पुल जोखिममा रहेको र उक्त पुल संरक्षण गर्न अती आबश्यक रहेकोले यस नगरपालिकाबाट विनियोजित बजेट शिर्षक मर्मत संभार तथा भैपरी बाट रु.१,००,०००।- देविथान डाँडा लाटी खोलामा बाँध बाध्ने कार्यको लागि उपलब्ध गराउने सर्वसम्मत निर्णय गरीयो।

CS CamScanner

झ) बजार अनुगमन सम्बन्धमा ।

चौदण्डीगढी नगरपालिका अन्तर्गत रहेका सबै वडाका बजार तथा पसलहरुमा उपभोक्ताको हितलाई ध्यानलाई राखि सामनहरुको तथा पसलहरुले नगरपालिकालाई तिर्नु पर्ने कर तिरे नतिरेको करको दायरामा आए नआएको सम्बन्धमा चौदण्डीगढी नगरपालिकाले बजार अनुगमन गर्ने निर्णय गरीयो।

ञ) न्यानो कपडा वितरण कार्यक्रमको भुक्तानी सम्बन्धमा

चौ. न. पा. १ नं वडा कार्यालयको माग बमोजिम सो वडामा रहेका स्कुलका बिद्यार्थीहरुको लागि न्यानो कपडा वितरण भएको र उक्त कार्यको चौदण्डीगढी नगरपालिकामा रहेको कन्टिजेन्सीबाट भुक्तानी हुने निर्णय गरीयो।

ट) रसुवा-एस.एन.एस-पप्पु जे.भि.को माग पत्र सम्बन्धमा ।

नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय सडक विभाग पुल सेक्टर धरान, सुनसरीको च.न.२९६, मिति २०८०।१०।३ गतेको पत्र र रसुवा-एस.एन.एस.-पप्पु जे.भि.को मिति २०८०।१०।०४ गतेको माग निवेदन अनुसार यस नगरपालिकाको वडा न.१ को कार्यालयबाट सिफारिस भई आए बमोजिम सो आयोजना अन्तर्गत निर्माणाधिन Design and Build of Dudhkoshi (Sunkoshi) River along to Beltat-Ranitar Bhojapur Road,Contract No:BBPCU-DB-3371574-072/73-016 **को निर्माण व्यवसायी श्री** रसुवा-एस.एन.एस.-पप्पु जे.भि.,काठमाडौंले उक्त पुल निर्माण कार्यका लागि आवश्यक निर्माण सामाग्रीहरु (ढुंगा,गिट्टी, वालुवा) उत्खनन तथा ढुवानी कार्य गर्न यस न.पा.को वडा न.१ स्थित घोर्लेचौर उदयपुरमा Crrsher तथा washing plant राखि संचालनका लागि अनुमति प्रदान गर्न कागजात विवरणहरु सहित श्री पुल सेक्टर कार्यालय धरान,सुनसरीवाट च.न.५२६,मिति २०८१।०१।१२गतेको पत्रवाट मिति २०८२।०३।२५ गतेसम्म मिति २०८०।१२।२५ गतेको विभागीय निर्णयानुसार म्याद थप भई अनुरोध साथ आएको र उक्त आयोजना अन्तर्गतको कार्य सम्पन्न गर्नका लागि अस्थायी क्रसर प्लान्ट नहुँदा आयोजनाको काम समेत प्रभावित हुने देखिएको विगत केही वर्ष अघिदेखि नै आयोजनाको काम सुरुवात भए पनि प्राविधिक कारणले अवरोध हुँदै आएको उक्त पुलको निर्माण आयोजनाको क्षेत्रअधिकार भित्रको ५०० मिटर तल र माथि दुवै तर्फको क्षेत्र अधिकारभित्र रही आयोजनालाई चाहिने आवश्यक निर्माण सामग्री (ढुंगा,गिट्टी, वालुवा) को हकमा कोशी प्रदेश सरकारको आर्थिक ऐन, २०८० को अनुसुची ५ बमोजिमको दररेटमा राजश्व समेत लिने गरी आ.व.२०८०।८१ देखी आ.व.२०८१।८२ सम्म (२) दुई आर्थिक वर्षका लागि उक्त आयोजनाको पुल निर्माण कार्य गर्न सोही वडाको घोर्लेचौरमा अस्थायी क्रसर राख्न अनुमति दिने निर्णय गरियो।

CamScanner

ठ) सिवाई खोंलाको वालुवाको थप परिमाणको प्रारम्भिक वातावरणीय अध्ययन स्वीकृत गर्ने सम्वन्धमा

यस नगरपालिकाको चालु आ.व.०८०/८१ मा नदिजन्य पदार्थ उत्खनन, संकलन तथा विक्रि वितरण गर्ने कार्यका लागि परामर्शदाता श्री प्रोडेस्क इन्जिनियरिंग इन्क प्रा.लि.शाखा,कार्यालय गाईघाट,उदयपुर मार्फत तयार गरी पेश हुन आएको तथा यस नगरपालिकाको वातावरणीय अध्ययनं परिक्षण कार्यविधि, २०७७ बमोजिम, वडा नं ५ को कार्यालयवाट मिति २०८०।०१।१२ गते प्राप्त पत्रानुसार प्राविधिक समित बैठकमा छलफल भई सिफारिस भए वमोजिम प्रारम्भिक वातावरणीय परिक्षण प्रतिबेदन (IEE) स्वीकृत गर्ने सर्वसहमत निर्णय पारित गरियो । साथै उक्त (IEE) प्रतिवेदन अनुसार खोला तथा नदीहरुको उत्खनन,गर्न सकिने परिमाण तपसिल बमोजिम परिमाण रहेका छन् :

तपसिल :

**प्याकेज - १**

| खोलाको नाम | औषत गहिराई (मि.) | क्षेत्रफल (वर्ग मि.) | आयतन घ.मि. | उत्खनन् योग्य प्रतिशत | उत्खनन् योग्य आयतन | वालुवा परिमाण (घनमिटर) | | गिट्टी (Gravel) परिमाण (घनमिटर) | | ढुंगा (०.७ से.मि. भन्दा माथि) | | अनुमानित राजस्व (ने. रू.) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | परिमाण (प्रतिशत) | परिमाण (घनमिटर) | परिमाण प्रतिशत | परिमाण घनमिटर | परिमाण (प्रतिशत) | परिमाण घनमिटर | | |
| सिवाई खोला | ०.८ | १०००० | 8000 | ५० | 4000 | ८० | 3200 | २० | 800 | | 0 | 875,808.00 | |
| जम्मा उत्खनन् योग्य आयतन | | | | | 4000 | | 3200 | | 800 | | 0 | | |
| राजस्व | | | | | 875,808.00 | वालुवा | 678048 | ग्रावेल | 197760 | ढुङ्गा | 0 | | |

ड) हल्का सवारी चालकको अतिरिक्त सुविधा सम्वन्धमा ।

यस नगरपालिकामा कार्यरत हलुका सवारी चालकहरु मध्ये नगर प्रमुखको सवारी चलाउने चालक रंजित चौधरी कार्यालय समयको अतिरिक्त अन्य समयमा समेत नगर प्रमुखको विभिन्न कार्यक्रमहरुमा र न.पा. का विभिन्न वडाहरुमा जाँदा गाडी चलाउन खटिनु पर्ने भएकोले निजले हाल खाईपाई आएको तलव सुबिधमा मिति २०८० साल साउन १ गते देखि लागु हुने गरी मासिक थप रकम रु. ५,०००।-- अतिरिक्त सुविधा अन्य भत्ता शिर्षकबाट उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

ढ) भौतिक पुर्बाधार तथा सामाजिक क्षेत्रमा भएको लागानी र बर्तमान अवस्थाको अध्ययन तथा प्रचार प्रसार सम्बन्धमा ।

यस चौदण्डीगढी नगरपालिका क्षेत्रको विभिन्न वडामा शिक्षा, स्वास्थ्य, खानेपानी, सडक, यातायातका क्षेत्रमा भएका लगानी र तिनिहरुको बर्तमान अवस्था बारेमा अध्ययन गरी कार्यक्रम संचालन गर्न, यथार्थ

प्रतिबेदन तयार गर्न र राष्ट्रिय तथा स्थानीय टेलिभिजन, पत्रपत्रिकाबाट प्रसारण प्रकाशन गर्न विभिन्न मिडिया फर्मबाट यस नगरपालिकामा प्रस्ताव पेश गरेको हुँदा तपशिल बमोजिमको मिडिया, फर्म, कम्पनीबाट प्रश्ताव बमोजिमको कार्य गर्ने निर्णय गरियो

तपशिलः

| क्र. सं. | प्रश्ताव पेश गर्ने मिडिया | निर्णय रकम | भुक्तानी शिर्षक |
|---|---|---|---|
| १ | एटी नेटवर्क प्रा.लि. त्रि. न . पा. ११ | १ लाख | सेवा परामर्श |
| २ | क्वालिटी पब्लिकेशन त्रि. न. पा. ११ | १ लाख | सेवा परामर्श |
| ३ | त्रिगुगा मेडिया प्रा. लि त्रि. न. पा. ११ | १ लाख ५० हजार | नगरपालिकामा रहेको कन्टिजेन्सी |

ण) सडक बत्ती र नगरपालिकाको विद्युत महशुल भुक्तानी सम्बन्धमा ।

चौदण्डीगढी नगरपालिकाबाट चालु आ. व. मा विद्युत महशुलको लागि रकम विनियोजन भएको र विद्युत महशुल तिरी हाल विद्युत महशुल तिर्न रकम अपुग भएकोले चालु आ. व. को बाँकी भुक्तानी सार्बजनिक उपयोगिताको सेवा खर्चबाट भुक्तानी गर्ने निर्णय गरियो !

त) वडा नं. ८ को महिला भवन घेराबेरा सम्बन्धमा ।

चालु आ. व. ०८०/०८१ को १५ औ नगरसभाबाट स्वीकृत बार्षिक कार्यक्रम बजेट वडा नं ८ विरेन्द्रबजारमा महिला भवन घेराबेरा शिर्षकमा रकम विनियोजन भएको र सोही वडाको अजम्बरी महिला समूह भवन घेराबेरा समितिबाट निर्माण कार्य सम्पन्न भैआएको हुँदा उक्त विनियोजित बजेट शिर्षकबाट अजम्बरी महिला समूह भवन घेराबेरा समितिलाई भुक्तानीका दिने निर्णय गरियो ।

थ) पार्किङ गेट मर्मत सम्बन्धमा ।

चौदण्डीगढी नगरपालिकामा बनेको पार्किङको गेट सानो भई दमकल छिराउन समस्या परेको हुँदा उक्त गेट भत्काई ठुलो बनाउन अति आवश्यक रहेकोले नगरपालिकामा रहेको कन्टिजेन्सीबाट इष्टिमेट तथा कार्यसम्पन्न प्राविधिक मुल्याङ्कन अनुसार बढिमा रु. १,००,०००।– भुक्तानी गर्ने र गेट निर्माण कार्य तत्काल गराउने सर्वसम्मत निर्णय गरियो ।

द) ठुला सवारी साधान मर्मत भुक्तानी सम्बन्धमा ।

यस चौदण्डीगढी नगरपालिकामा रहेका ठुला सवारी साधान मर्मत शिर्षकमा विनियोजित बजेट खर्च भई सुन्य भएको र सांना सवारी साधान मर्मतमा विनियोजित शिर्षकमा रकम भुक्तानी भएर पनि बाँकी रहेको हुँदा ठुला सवारी साधानको मर्मत खर्च भुक्तानी साना सवारी साधान मर्मत खर्चबाट भुक्तानी हुन सर्वसम्मत निर्णय गरियो ।

CamScanner

ख) भजनकिर्तन समूहलाई आर्थिक सहयोग सम्बन्धमा।

चौ. न. पा. का विभिन्न वडाका विभिन्न समूह /व्यक्तिहरुले यस नगरपालिकामा भजनकिर्तनको लागि आवश्यक सामाग्री माग भई आएकोले यस नगरपालिकामा चालु आ.व. २०८०/०८१ मा विनियोजित भजन किर्तन समूहलाई सामाग्री खरिदबाट तपसिलका समूह /व्यक्तिलाई तपशिल बमोजिम रकम उपलब्ध गराउने सर्वसम्मत निर्णय गरीयो।

तपशिल

| क्र.सं. | माग गर्ने व्यक्ति समुह | निर्णय भएको रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | थान पोखरी किर्तन समूह चौ. न. पा. -६ सातधारे | १५,०००।- | |
| २ | चौ. न. पा. -९ तल्लो साजबोटे त्रिपुरेश्वर धाम त्रिपुरेश्वर लालीगुँरास भजन कृतन समुह | १५,०००।- | |
| ३ | पुवाँर डाँडा टोल विकास भजन कृतन समू चौ. न.पा. -७ | १०,०००।- | |
| ४ | हलेश्वर महादेव मन्दिर चौ. न. पा.-६ | २५,०००।- | |

ग) विपन्न नागरिक तथा अन्य आर्थिक सहायता सम्वन्धमा।

विभिन्न संघ, संस्था, समुह तथा व्यक्तिहरुबाट आर्थिक सहयोग माग भएको हुँदा उक्त माग निवेदन अनुसार आवश्यकता र औचित्यतालाई मध्येनजर गर्दै विनियोजित बजेटको सीमाभित्र रही दोहोरो नपर्ने गरी तपशिल बमोजिमको रकम नगरपालिकामा चालु आ. व. मा जम्मा भएको कन्टिजेन्सीबाट आर्थिक सहायता उपलब्ध गराउने सर्वसम्त निर्णय गरीयो।

विपन्न व्यक्तिहरुः

| क्र.सं. | माग गर्ने व्यक्ति समुह | निर्णय भएको रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | चुडामणी कोईराला, चौ. न. पा -७ | १०,०००।- | |
| २ | दिलिप कुमार मक्तान चौ . न. पा. -४ | १०,०००।- | |
| ३ | कविता खड्का चौ . न. पा. -४ | १०,०००।- | |
| ४ | श्याम राई चौ . न. पा. -७ | १०,०००।- | |

संस्थाहरु

| क्र.सं. | माग गर्ने व्यक्ति समुह | निर्णय रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | नेपाल पत्रकार महासंघ, उदयपुर | ५०,०००।- | |
| २ | राष्ट्रिय युवा संघ नेपाल चौ. न. पा. नगर कमिटी | २५,०००।- | |
| ३ | नपाली कांग्रेस प्रदेश सभा क्षेत्रिय कार्य समिति क्षेत्र नं. १ (क) उदयपुर | २५,०००।- | |
| ४ | बसाहा क्लव चौ. न. पा. -४ | २५,०००।- | |

CamScanner

ध) विपद सम्बन्धी कार्य सम्बन्धमा ।

चौदण्डीगढी नगरपालिका अन्तर्गत वडा नं ७ मा जंगलमा आगोलाग्दा श्रीपंचमी खानेपानी ट्याङ्की छेउमा पाईप जली पुर्ण रुपमा क्षती भएको र सो स्थान देखि इलाका प्रहरी कार्यालय सम्म पाइप पुराना भएको साथै पाईपहरु जाम भई समस्या भएकोले ६३ एम एम को ११०० मिटर पाईप माग भई आएको यसैगरी चौ न पा १ नं. वडा निवासी कमला कार्की र गोपाल बुढाथोकीको बाख्राको खोर पुर्ण रुपमा क्षती भई पुर्ण निर्माणको लागि आवश्यक सहयोग माग भई आएको र चौ. न. पा. ४ नं. वडा कार्यालयबाट विजय राइस मिल हुदै चटपटे टोल जोड्ने बाटोको माथिल्लो भेगको पानि निकास हुने ठाउँ नभएकोले पानि निकास पाईपको माग भई आएको हुँदा नगरपालिका प्राविधिकबाट तपशिल बमोजिमको इष्टिमेट तयार भएको र उक्त कार्यहरु तत्काल गर्नुपर्ने भएकोले तत्काल गर्ने र उक्त कार्यको भुक्तानी नगरपालिकाको कन्टिजेन्सीबाट वा अन्य मिल्दो बजेट शिर्षकबाट हुने भनि सर्वसम्मत निर्णय गरियो ।

तपशिलः

| क्र.सं. | योजनाको नाम | लागत अनुमान तथा निर्णय रकम | विपदको अवस्था |
|---|---|---|---|
| १ | गा. वि. स. खानेपानी पाइप विस्तार चौ. न. पा. -वडा नं. ७ | ३४८०३१।- | पाईप जलेको हुँदा नयाँ खरिद गर्नुपर्ने |
| २ | विजय राइस मिल हुदै चटपटे टोल जोड्ने बाटोमा पोलिथिन पाइप राखी ढल निकास चौ. न. पा. ४ | ४८४८६।- | पाईप खरिद |
| ३ | कमला कार्की र गोपाल बुढाथोकीको बाख्राको खोर निर्माणको लागि जस्ता | ३६६३३।- | जस्ता खरिद |

न) यलम्बर टोल विकास संस्थाको भवन निर्माण सम्बन्धमा ।

चौ. न. पा. १ नं वडामा यलम्बर टोल विकास संस्थाको माग अनुसार उक्त टोलमा स्कुलको नाममा रहेको जग्गामा बनेको टिनको छाना मात्र भएको घर टोल विकास संस्थाले उपयोग गर्दै आएको र उक्त घरमा इट्टा लगाउनको लागि सहयोग माग भई आएकोले रु १ लाख २५ हज्जार बराबरको इट्टा र सिमेन्ट किन्नको लागि सहयोग गर्ने र उक्त भुक्तानी नगरपालिकाको कन्टिजेन्सी वा उपयुक्त मिल्दो बजेट शिर्षकबाट हुने निर्णय गरियो ।

CamScanner